मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

# सामुदायिक वन दिवस, २०८१ को शुभकामना

"सामुदायिक वनको प्रभावकारिता : तीनै तहका सरकार र समुदायको सहभागिता" भन्ने नाराका साथ मनाइदै गरिएको सामुदायिक वन दिवस, २०८१ को उपलक्ष्यमा कोशी प्रदेशबासी एवम् सम्पूर्ण नेपालीलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

सामुदायिक वन उपभोक्ताहरुले ग्रामीण क्षेत्रमा पुर्याएको विकास र वन संरक्षणमा खेलेको भूमिका प्रसंशनीय छ। नेपालको सामुदायिक वनको अभ्यास अन्य मुलुकका लागि अनुकरणीय छ। नेपालको महत्वपूर्ण प्राकृतिक स्रोतको रुपमा रहेको वन ग्रामीण समाजको जीविकोपार्जनको आधारको रुपमा रहेको छ भने सहरी परिप्रेक्ष्यमा वातावरणीय गुणस्तरको एक प्रमुख मानकको रुपमा रही आएको छ। वन तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको अलावा सामुदायिक वनउपभोक्ता समूहहरुबाट सामाजिक विकास एवम् नेतृत्व विकासका क्षेत्रमा पनि उल्लेख्य योगदान रहँदै आएको छ। पूर्वीय दर्शनमा भूमिको प्रयोग, वायुको संरक्षण, वन्यजन्तुको बासस्थान, खाध्य आहार तथा जडिबुटीको श्रोत, पानीको शुद्धीकरणका लागि समेत वनको महत्वको चर्चा भइआएको छ। वनलाई ऋषिमुनीहरुको तपस्थल, परम्परागत ज्ञानको भण्डार तथा मानव सभ्यता र संस्कृतिको रक्षकको रुपमा पनि चित्रण गरेको पाइन्छ।

नेपाल सरकारले वन क्षेत्रको व्यवस्थापनमा जनसहभागिताको अवधारणा ल्याइ सिन्धुपाल्चोक जिल्लाको ठेकर्पामा पर्ने वन क्षेत्र वि.सं २०३० साउन २५ गते स्थानीय समुदायलाई संरक्षण र व्यवस्थापनको जिम्मा दिएको दिनलाई स्मरण गर्दै वि.सं.२०७३ सालदेखि हरेक वर्ष साउन २५ गतेलाई राष्ट्रिय सामुदायिक वन दिवसका रुपमा मनाइदै आएको सर्वविदितै छ। नेपालमा २२ लाख हेक्टर भन्दा बढी राष्ट्रिय वन क्षेत्र २२ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरुमा ३० लाख घरधुरीहरुको सहभागितामा व्यवस्थापन हुँदै आएको छ । कोशी प्रदेशमा मात्र ३७११ वटा सामुदायिक वन उपभोक्ता समूहमार्फत करीब ६ लाख घरधुरीले साढे चारलाख हेक्टर राष्ट्रिय वनक्षेत्रको प्रभावकारी संरक्षण तथा व्यवस्थापन गरिरहेका छन्।

नेपालको संविधान २०७२ जारी भएपछि राष्ट्रिय वनक्षेत्रको व्यवस्थापन गर्ने जिम्मा प्रदेश सरकारमा आएको हो। यसले प्रदेश र सिंगो देशलाई वन पैदावारमा आत्मनिर्भर बनाउन, काष्ठ तथा गैरकाष्ठजन्य वन पैदावारको आयातलाई प्रतिस्थापन गर्न, वनजन्य उद्यम विकासको माध्यमबाट रोजगारीको सिर्जना र राष्ट्रिय पुँजी निर्माणमा भूमिका खेलेको छ। समाजवाद उन्मुख आर्थिक समृद्धिको लक्ष्य प्राप्त गर्नका लागि अब हाम्रा सामुदायिक वनको व्यवस्थापन संरचना संरक्षणसँगसँगै उत्पादन, उद्यम तथा रोजगारी उन्मुख हुनुपर्दछ। कोशी प्रदेश सरकार यस कार्यका लागि समयानुकुल नीतिगत तथा कानुनी संरचना र कार्यक्रम मार्फत यथेष्ठ प्रयास गर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

यस कार्यमा संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकार्य, सहभागिता र समन्वयमार्फत वन क्षेत्रको र संवर्द्धनमा अगाडी बढ्नका लागि सम्पूर्णमा हार्दिक अपिल गर्दै यस महत्वपूर्ण दिनले सबै अभियानकर्ता र नागरिकमा थप उर्जा प्राप्त हुनसकोस् भन्ने कामना गर्दछु।

मितिः २०८१।०४।२५

हिक्मतकुमार कार्की

मुख्यमन्त्री एवंम् पर्यटन, वन तथा वातावरण मन्त्री

फोन नं. +९७७-०२१-४७५१६६ ईमेलः- info.ocmcm@p1.gov.np

Scanned with CamScanner